## कार्यपालिका समिक्षा बैठक नं. आ.व.२०८१- ०८२ (२०८१/१२/११

आज मिति २०८१/१२/ ११ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको समिक्षा बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा नेवार | |
| १७ | का. सहयोगी | धन ब. दर्लामी | |
| १८ | | | |

Scanned with CamScanner

**समिक्षा बैठकका प्रस्तावहरु :**
**१ दोस्रो चौमासिक प्रगति तथा कार्यहरु सम्वन्धमा समिक्षा ।**

**समिक्षा बैठकका निर्णयहरु :**

**निर्णय नं. १. चौमासिक समिक्षा सम्बन्धमा ।**
क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको यस आर्थिक वर्ष ०८१/८२ को दोस्रो चौमासिक अवधिमा यस कार्यालय तथा कार्यालय मातहतका कार्यालयहरुबाट सम्पन्न भए गरेका काम कारवाहीहरुको प्रगति प्रतिवेदन तथा आय/व्यय विवरण उपर छलफल गरियो । र उक्त प्रतिवेदन (लाई गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने साथै सम्वन्धित निकायहरुसमक्ष पेश गर्ने निर्णय गरियो

Scanned with CamScanner

## कार्यपालिका वैठक नं.१२ आ.व.२०८१- ०८२ (२०८१/१२/२७

आज मिति २०८१/१२/२७ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ | |
| १७ | का. सहयोगी | बिमला ढकाल | |
| १८ | | | |

**कार्यपालिका वैठक नं.१२ आ.व.२०८१- ०८२ (२०८१/१२/२७ को प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. अनुगमन प्रतिवेदन सम्वन्धमा ।

३. भुमिहिन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण सम्वन्धमा ।

४. कार्यविधी स्वीकृत गर्ने सम्वन्धमा ।

५. भुक्तानी सम्वन्धमा ।

६. नागरीक उपचार सहयोग सम्वन्धमा ।

७. नवप्रवर्तक साझेदारी कोष कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

८. योजना माग सम्वन्धमा ।

९. सेवा केन्द्र स्थापना सम्वन्धमा ।

१०. योजना कार्यक्रमा सम्वन्धमा ।

११. सामुदायिक विद्यालय व्यवस्थापन सम्वन्धमा ।

- विद्यालय वस व्यवस्थापन ।
- खेलकुद सामग्री व्यवस्थापन ।
- स्मार्ट बोर्ड व्यवस्थापन ।

१२. कक्षा थपको अनुमती प्रदान गर्ने सम्वन्धमा ।

१३. भुक्तानी सम्वन्धमा ।

१४. विपन्न दलित लक्षित उद्यम कार्यक्रम सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१२ आ.व.२०८१- ०८२ (२०८१/१२/२७ को निर्णयहरु :**

**१. समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो र यस गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयका ८ कक्षा पास भएका विद्यार्थिहरुलाई कक्षा ९ मा भर्ना भए/नभएको एकिन गरि शत प्रतिशत भर्ना गराई शिक्षा बाट वञ्चित हुन नदिनको लागि सहजीकरण गर्ने निर्णय गरियो ।

ख) वडामा रहेका स्वास्थ्य केन्द्रहरुको नियमित र प्रभावकारी अनुगमन गरी वडाका गर्भवती महिलाहरुको विवरण, नियमित चेकजाँचको अवस्थाहरुको विवरण तैयार गर्ने उनीहरुको नियमित चेकजाँचमा प्रोत्साहन गर्ने, आवश्यक परामर्शहरु प्रदान गर्ने आदि कार्यहरु सञ्चालन गरी प्रसुती अवस्थाको जोखिमलाई कम गर्न सहजीकरण गर्ने र उनीहरुको विवरण सिस्टममा अद्यावधि गरी व्यवस्थित गर्न सम्बन्धित सँस्थाहरुलाई क्रियाशील गराउने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको फागुन महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको फागुन महिनाको आम्दानी खर्च प्रतिवेदन ( सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**२. अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको पालिकास्तरीय योजना अनुगमन समितिबाट पालिकाको स्वीकृत योजना कार्यक्रमहरुको अवस्थाहरुको बारेमा अध्ययन/अनुगमन गरि पेश भएका तपशिल वमोजिमका योजनाहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

- गिरानचौर हिलेखर्क सडक स्तरोन्नती योजना ।
- प्युघर खानेपानी योजना ।
- कुलमुन कुटमोरेश्वारा सडक
- हिलेखर्क छापस्वारा सडक
- यान्चोक रिङरोड निर्माण
- भकुण्डी वरालुङवेशी सडक
- वडा नं. २ को कार्यालय बाटो घेराबार आदी
- गैरीआँप मन्दिर निर्माण
- पानीघट्ट सार्वजनिक शौचालय तथा भवन निर्माण योजना
- साविस भवन देखि ज्वानेखोला जाने बाटो ।
- आँबुखैरेनी व्रहमाकुमारी विश्वविद्यालय
- सत्रसय साझा लाईन रातामाटे सडक
- कन्यादेवी मा.वि.छात्रावास निर्माण
- सिम्रेनी सिंचाई डिही

Scanned with CamScanner

- झ्यारपुङ मार्ग
- ५ नं. वडा सडक सरसफाई कार्यक्रम
- मर्स्याङ्दी स्कुल चोक देखि पाताले झर्ना सडक
- खोला गाउँ खस्राङ सडक
- रातामाटे ब्याडमिन्टन चौर शौचालय
- लालीगुराँस मगर समाज अधुरो भवन
- सत्रसय फाँट सिँचाई योजना
- लम्साल डाँडा कुवेर डाँडा सडक
- नेपाली समाज शौचालय निर्माण
- बगुवा पड्केमुल सिँचाई
- गंगटेखोला दुराङ सडक
- आँबुखैरेनी बाल उद्यान मिलनटार
- मित्रता भवन
- जलदेवी आ.वि.अधुरो भवन निर्माण
- विकास ज्योति आ.वि.
- एकता टोल नाला निर्माण तथा स्तरोन्नती
- आँबुखैरेनी तमु समाज सभाहल
- न्युनी आमा समुह भवन
- बरादी कृषि मोटर मार्ग
- खोलागाउँ पौवा जाने सडकमा पर्ने खोला नियन्त्रण तथा बाढी पहिरो हटाउने कार्य
- सत्रसय हाँडी खोला सिंचाई योजना तथा पहिरो संरक्षण
- घुमाउने घाट समशान निमाृण
- खाल्नेपानी खस्राङ सडक
- बेनीटार खहरे खोला तटवन्धन

**३. भुमिहिन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत रहनुभएका भुमिहीन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण गरि भुमि सम्वन्धी समस्या समाधान गर्नको लागि आवश्यक कार्यहरु अगाढी बढाईएकोमा आयोगको प्रतिवेदन अनुसार तीनपुस्ते सम्वन्धी कागजात तथा अन्य आवश्यक कागजातहरु पेश नभएका नागरीकहरुलाई तत्काल कागजात पेश गर्न/गराउन सम्वन्धित वडाहरुले सहजीकरण गर्ने निर्णय गरियो ।

**४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विद्यायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरीउक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि

Scanned with CamScanner

Scanned with CamScanner

कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।
क) स्वयंसेवक परिचालन कार्यविधी-०८१
ख) मागमा आधारीत कृषि अनुदान कार्यक्रम कार्यविधी, ०८० संशोधन ।

**निर्णय नं. ५. भुक्तानी सम्बन्धमा ।**
**क) समार्ट एटेन्डेन्स सिस्टम जडान**
आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम शिक्षा सुधार अर्न्तगत वडा नं. १ स्थित श्री मित्रता मा.वि.मा स्मार्ट एटेन्डेन्स सिस्टम जडान गरेबापत जम्मा रकम रु.१,६८,९०६/-(अक्षररुपी एक लाख अठसट्ठी हजार नौ सय छ रुपैंया मात्र ।) भुक्तानीको लागि एम्बेडेड सोलुसन नेपाल प्रा.लि.ले पेश गरेको निवेदन उपर छलफल गरी विद्यालय व्यवस्थापन समितिको निर्णय र कार्यसम्पन्न प्रतिवेदन अनुसार नियमबमोजिम गाउँकार्यपालिकाको स्वीकृत सेवा र परामर्श खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**ख) सवारी साधन मर्मत**
यस आँबुखैरेनी गाउँपालिकाको कार्यालयको नाममा रहेको ग.१.झ.३६१ नम्बरको स्कारपियो सवारी साधन बिग्रेकोले कार्यालयको आवश्यक्ता बमोजिम स्वीकृत आदेश बमोजिम मर्मत सम्पन्न गरेकोले जम्मा रकम रु. ४,२५,८७४/-(अक्षररुपी चार लाख पच्चीस हजार आठ सय चौहत्तर रुपैंया मात्र ।) भुक्तानीको लागि राइजिङ स्टार अटो मोबाईल्सबाट पेश भएको निवेदन उपर छलफल गरी नियमबमोजिम गाउँकार्यपालिकाको स्वीकृत सवारी मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ६ : नागरिक उपचार सहयोग सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. ६ निवासी पञ्च बहादुर गुरुङ्ग (ना.प्र.नं.६२७८०) लाई मृगौला सम्बन्धी रोगबाट बिरामी भई उपचाररत रहेकोमा निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण उपचारमा समस्या भएकोले आर्थिक सहायता उपलब्ध गराईदिन भनि सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यक कागजात सहित पेश भएको निवेदन उपर छलफल गरी निजलाई उपचारको लागि गाउँकार्यपालिकाको स्वीकृत नागरीक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट भुक्तानी हुनेगरी जम्मा रु. ५०,०००/- (अक्षररुपी पचास हजार रुपैंया मात्र ।) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : नवप्रर्वतक साझेदारी कोष कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**
क) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सरकारले नवप्रर्वतकसाझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम साझेदारी कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव आव्हान गरेकोमा सो कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने निर्णय गरीयो ।

ख) नवप्रर्वतक साझेदारी कोष कार्यान्वयन कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकामा तपशिल बमोजिमको नवप्रर्वतक साझेदारी कार्यक्रम कार्यान्यिन समिती गठन गर्ने निर्णय गरीयो ।
संयोजक : सन्तोष के.सि.(कृषि अधिकृत)
सदस्य : किशोर सुवेदी (सदस्य सचिव, आँबुखैरेनी विकास बोर्ड)
सदस्य सचिव : सुजन नहर्की (सुचना प्रविधी अधिकृत)

ग) नवप्रर्वतक साझेदारी कोष कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा नवप्रर्वतक साझेदारी कोष कार्यक्रम कार्यान्वयन समितिको संयोजक सन्तोष के.सि.लाई तोक्ने निर्णय गरीयो ।

घ) नवप्रर्वतक साझेदारी कोष कार्यक्रम कार्यान्वयनका लागि ३० प्रतिशत (रु.६०,००,०००/-) बरावरको रकम गाउँपालिकाले लागत साझेदारी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ : योजना माग सम्वन्धमा ।**

**प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई प्रदान गरीने वित्तीय हस्तान्तरण अर्न्तगत आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तपशिल बमोजिमको योजनाहरु माग गर्ने निर्णय गरियो ।**

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| **विशेष अनुदानतर्फ :** | | |
| १. | भुजेलगाउँ पूर्वाधार विकास योजना, वडा नं. २, | ४० लाख |
| **समपुरक अनुदानतर्फ** | | |
| १. | आँबुखैरेनी ढकालटार खानीखोला ढापटार सडक निर्माण आयोजना, वडा नं. २, | २ करोड |

**निर्णय नं. ९ : सेवा केन्द्र स्थापना सम्वन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ को भौगोलिक अवस्था विकटताको कारण कतिपय वडावासीहरुलाई सेवा लिनको लागि वडा कार्यालयसम्म जान घण्टौ लाग्ने भएको र अपाई परेको हुँदा सेवा सहजीकरणको लागि वडा नं. ५, वरालुडवेशी स्थित जलदेवी आमा समुहको भवनमा वडा सेवा केन्द्र स्थापना गर्ने र वडा नं. ६ को पुर्लुडस्थित विद्यालयमा १ जना सि.एम.ए.कर्मचारी सहित स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : योजना कार्यक्रम सम्वन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ मा शान्ति सुरक्षा व्यवस्थापनमा सहजीकरणको लागि अत्यावश्यक स्थानहरुमा सि.सि.क्यामरा जडान गर्ने र सो को भुक्तानी गाउँकार्यपालिकाको स्वीकृत सि.सि.क्यामरा जडान खर्च शिर्षकवाट दिने निर्णय गरियो ।

ख) वडा नं. २ का युवाहरुलाई खेलकुद सम्वन्धी अभ्यासको लागि विभिन्न खेलकुदजन्य सामग्रीहरु माग भई आएको हुँदा सम्वन्धित वडाको सिफारिस बमोजिम खेलकुद सामग्री वितरण गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत युवा तथा खेलकुद अध्यक्ष कप शिर्षकवाट भुक्तानी हुनेगरी जम्मा रु. विनियोजन गर्ने निर्णय गरियो ।

ग) छिम्केश्वरी पर्यटन प्रवर्द्धन तथा विकासको लागि वृहत महायज्ञ सञ्चालन सम्वन्धमा धर्मगुरु दिन्वन्धु पोखरेल सँग छिम्केश्वरी प्रवर्द्धन सम्वन्धी वृहत अर्न्तक्रिया कार्यक्रम यहि मिति २०८१/१२/३० गते शनिबारका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : सामुदायिक विद्यालय व्यवस्थापन सम्वन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित रामशाह मा.वि.मा विद्यार्थीहरुको अत्यधिक चाप बढेको र टाढाका विद्यार्थिहरुलाई विद्यालय आउनजानको लागि समस्या भएको हुँदा उक्त विद्यालयलाई एउटा विद्यालय वस उपलब्ध गराउने निर्णय गरियो र उक्त वस खरिदको लागि आवश्यक कार्य अगाडि वढाउने निर्णय गरियो ।

Scanned with CamScanner

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप आवश्यक भएको हुँदा रु.२०,००,०००/-(अक्षररुपी विस लाख रुपैंया मात्र ।) को खेलकुद सामग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

ग) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयहरुमा सूचना प्रविधीको प्रयोग गरी पठन-पाठन गराउनका लागि रु.२०,००,०००/-(अक्षररुपी विस लाख रुपैंया मात्र ।) को स्मार्ट वोर्ड खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १२ : कक्षा थपको अनुमति प्रदान गर्ने सम्बन्धमा ।

क) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा नं. ५ स्थित श्री जलदेवी आधारभुत विद्यालयको अभिभावक भेला तथा विद्यालयको मिति २०८१/११/२५ गतेको निवेदन तथा गाउँ शिक्षा समितिको मिति २०८१/१२/२६ गतेको सिफारिस अनुसार जलदेवी आधारभुत विद्यालय तथा तहाँ वरीपरीको समुदायमा भएका बाल बालिकाहरुलाई शिक्षामा पहुँच पुर्‍याउने उदेश्यका साथ कक्षा ६ थपको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित वृहस्पति अंग्रेजी विद्यालयको मिति २०८१/१२/२५ गतेको निवेदन तथा गाउँ शिक्षा समितिको मिति २०८१/१२/२६ गतेको सिफारिस अनुसार वृहस्पति अंग्रेजी विद्यालयलाई कक्षा ६ थपको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : भुक्तानी सम्बन्धमा ।

क) आवासीय विद्यालय सञ्चालन खर्च भुक्तानी सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रम वमोजिम गाउँपालिकाको विकट भौगोलिक क्षेत्रमा रहेको श्री कन्यादेवी माध्यमिक विद्यालयमा छात्रावास सञ्चालन गरेको हुँदा सो वापतको जम्मा खर्च रकम रु.६,३०,०००/-(अक्षररुपी छ लाख तिस हजार रुपैंया मात्र ।) गाउँकार्यपालिकाको स्वीकृत आवासीय विद्यालय स्थापना सञ्चालन व्यवस्थापन तथा अनुगमन खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४ : विपन्न दलित लक्षित उद्यम कार्यक्रम सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँकार्यपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रम विपन्न दलित लक्षित उद्यम कार्यक्रम अर्न्तगत यस पालिकाका वडा नं. ४, ५ र ६ मा रहेका विपन्न दलित समुदायका नागरीकहरुलाई उन्नत जातको बाखाको पाठी वितरण कार्यक्रम यस कार्यपालिका सदस्य गंगा वि.क. ज्यूको संयोजनत्वमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : विविध सम्बन्धमा ।

क) वीमा सेवा प्रदायक सँस्थाको निरन्तरता सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत पशु वीमा कार्यक्रम सञ्चालनको लागि अघिल्लो आर्थिक वर्ष ०८०/८१ मा छनौट भएका वीमा कम्पनीहरुलाई नै ०८२/८३ सम्म सम्झौतामा आवश्यक संशोधन सहित पालिका मार्फत गरिएको पशु वीमा कार्यको लागि सेवा प्रदायक सँस्थाको रुपमा निरन्तरता दिने निर्णय गरियो ।

Scanned with CamScanner

**ख) : कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा सेवा विस्तार गरीएसँगै दैनिक विरामीको चाम बढदै गएको हुँदा थप कर्मचारी आवश्यक्ता भएकोले अर्को व्यवस्था नभईन्जेल तपशिल वमोजिम आन्तरिक श्रोतबाट व्यहोर्ने गरी दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह सहजीकरण गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | पद | नामथर | पारिश्रमिक | लागु हुने महिना |
|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | दिक्षा जि.सी. | २५,०००/- | वैसाख |
| २. | कार्यालय सहयोगी | सरस्वती खनाल | १८,०००/- | वैसाख |

**ख) वास सम्बन्धी कार्यको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँ, नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभाग (सङ्घीय खानेपानी मन्त्रालयको तर्फबाट) एवं गण्डकी प्रदेश सरकार- उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय वीच खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना, तयारी र कार्यान्वयनका लागि गरीएको समझदारी पत्र बमोजिम वास सम्बन्धी तथ्याङ्क संकलन तथा अन्य आवश्यक कार्य गर्नको लागि अर्को व्यवस्था नभईन्जेल सम्म आँबुखैरेनी गाउँपालिका वडा नं. २ निवासी सुदीप थापा क्षेत्री (ना.प्र.नं.४३-०१-७६-०३३७०) लाई मासिक रु.२२,०००/-(अक्षररुपी बाईस हजार रुपैंया मात्र ।) पारिश्रमिक उपलब्ध गराउने गरी डोरहाजिरीमा स्वयंसेवक सामाजिक परीचालक पदमा नियुक्ती गरी कामकाज गर्ने/गराउने निर्णय गरीयो ।

**ग) आँबुखैरेनी अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा दिनानुदिन विरामीको चाप बढेसँगै अस्तालमा रहेको जनशक्तिबाट सेवा प्रवाह गर्न असहज भएकोले २ जना मेडिकल अधिकृत पदपुर्तिको प्रक्रिया अगाडि बढाउने गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

**घ) कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको स्वीकृत नीति तथा कार्यक्रम कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम कार्यक्रम अर्न्तगत स्थानीय नागरीकहरुको माग बमोजिम व्युटिसियन तालिम (नेल आर्ट, हेयर कर्ट, मेडिकेयर, पेडिकेयर आदि) कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु.३,५०,०००/-(अक्षररुपी तिन लाख पचास हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरीयो ।

**ङ) सेवा केन्द्रमा कार्यरत (दरबन्दी सेवामा) कर्मचारी निरन्तरता सम्बन्धमा ।**

यस आँबुखैरेनी गाँउकार्यपालिकाको ०८१/०९/१६ को निर्णय बमोजिम वडा नं. ६ को सेवा केन्द्रमा कार्यालय सहयोगी आवश्यक भएको हुँदा अर्को व्यवस्था नभईन्जेल सम्मको लागि दैनिक ज्यालादारीमा कार्यालय सहयोगी पदमा माघ महिना देखि चैत्र मशान्तसम्म कामकाज गराईएकोमा हालसम्म अर्को व्यवस्था नभएको र निजको कार्य सन्तोषजनक रहेको पाईएको हुँदा निज टिका गुरुङलाई नै पुन ३ महिना (वैसाख १ देखि असार मशान्त सम्म) को लागी दैनिक ज्यालादारीमा कामकाज गर्ने/गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**च) विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहको अधिकार क्षेत्रमा निर्दिष्ट गरेबमोजिम यस पालिका वा नेपालभर अपाङ्गता भएकै कारण समावेशी सिद्धान्तका आधारमा अध्ययन गर्ने विद्यालय नभएको कारण हजारौ बालबालिका शिक्षाबाट बञ्चित हुनुपरीरहेको समस्यालाई मध्यनजर गरी यस यस गाउँपालिकाले श्री मित्रता अपाङ्गता समावेशी विद्यालय सञ्चालन गर्ने निर्णय गरेकोमा उक्त विद्यालय सञ्चालन प्रयोजनार्थ श्री मित्रता मा.वि.को स्वामित्वमा रहेको जमिनमा जमिनको स्वामित्व, विद्यालय सञ्चालनको लागी निर्माण हुने भौतिक संरचना लगायत अन्य सामग्रीहरु सहित कानुनी स्वामित्व श्री मित्रता मा.वि.कै कायम रहने गरी मित्रता मा.वि.को जमिन मध्ये ४० रोपनी जमिन श्री मित्रता अपाङ्गता विद्यालय स्थापना तथा सञ्चालनको लागि उपलब्ध गराउन मित्रता मा.वि.लाई निर्देशन गर्ने निर्णय गरीयो ।

**छ) सवारी साधन भाडा रकम खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको निर्णय बमोजिम कार्यालय प्रयोजनको लागि आँबुखैरेनी २ निवासी शंकर थापा क्षेत्रीको बा.२०.च.२९८५ नम्बरको फोरव्हील पिकअप गाडी भाडामा लिएबापत यस आर्थिक वर्ष ०८१/८२ को माघ महिनादेखि चैत्र महिनासम्म गरी जम्मा ३ महिनाको सम्झौता बमोजिमको जम्मा रकम रु.३,६०,०००/-(अक्षररुपी तिन लाख साठी हजार रुपैंया मात्र ।) गाउँकार्यपालिकाको स्वीकृत सवारी साधन तथा मेशिनर औजार भाडा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

Scanned with CamScanner